निर्णयहरु :-

१. मकवानपुर जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) संशोधन गर्ने सम्बन्धमा विभिन्न सरोकारवाला निकायका पदाधिकारीहरुबाट प्राप्त सुझावहरु समेटेर अन्तिम रुप दिने र कार्यान्वयनमा लैजाने ।

२. प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुन सक्ने सबैखाले जोखिमहरुलाई न्यूनीकरण गर्न र विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्य गर्न सम्बन्धित सबै निकायहरुले समन्वयात्मकरुपमा आवश्यक पूर्व तयारी गर्ने र उपलब्ध श्रोत साधनको विवरण अध्यावधिक गरी चालु अवस्थामा राख्ने ।

३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम स्थानीय विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन कोषको व्यवस्था गर्न र आ-आफ्नो तहको पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्थाका लागि सबै स्थानीय तहहरुलाई अनुरोध गरियो।

४. श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ३६३ मिति २०७६-०१-२३ को पत्रसाथ प्राप्त विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को दोश्रो बैठकको निर्णय बैठकमा जानकारी भयो । सो सम्बन्धमा उक्त बैठकको निर्णय कार्यान्वयन गरी विपद् पूर्व तयारी तथा व्यवस्थापन कार्यलाई प्रभावकारी तुल्याउन आवश्यक तयारी गर्ने ।

५. जिल्ला विपद् व्यवस्थापन समितिले मिति २०७५ साउन १ गदेंदेखि मिति २०७६ बैशाख मसानतसम्म निम्नानुसार वितरण गरेको राहत रकम रु.१९,०३,०००/- (उन्नाईस लाख तीन हजार मात्र ।) अनुमोदन गर्ने ।

- आगलागिबाट मृत्यु हुने १ जना रु.१,००,०००/-
- चट्याङबाट मृत्यु हुने ३ जना रु. ३,००,०००/-
- पहिरोबाट घाईते १ जना रु.३३,०००/-
- बाढीबाट मृत्यु ९ जना रु.९,००,०००/-
- आगलागी क्षतिपूर्ति ५६ परिवार रु.१०,०००/- का दरले रु.५,६०,०००/-
- राक्सीराङ गाउँपालिका बस्ने १३ वर्षकी गर्भवती बालिका गंगा प्रजालाई अर्थिक सहयोग रु.१०,०००/-